नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २८ | २०७९ साल भदौं २ गते बिहीबार (18 Aug 2022 Thursday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : सहज र सर्वसुलभ हुँदै.. ३ पृष्ठमा : नेपालमा पनि बढ्दैछ खाद्य... ३ पृष्ठमा : हराएको अठतीस वर्षपछि ...

# भयरहित, मर्यादित र शान्तिपुर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन प्रहरी तत्पर : आइजिपि सिंह



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**

नेपाल प्रहरीका महानिरिक्षक (आइजिपि) धीरज प्रताप सिंहले प्रतिनिधीसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गर्दै प्रहरीले भयरहित, मर्यादित र शान्तिपुर्ण वातावरणमा सम्पन्न गराउनेतर्फ सम्पुर्ण ध्यान केन्द्रित गरेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले बुधबार आफ्नै सभाकक्षमा आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले आगामी मंसिर ४ गते हुने निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक सबै सुरक्षा रणनीति तयार गर्न प्रहरीले ध्यान केन्द्रीत गरेको बताए ।

*बाँकी दुई पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १४ वर्ष देखी संचालन हुदै आएको

ओभरसियरी क्याम्पस

( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०७९ भदौं ९ गते सम्म ।

सम्पर्क :

सफटेक इन्जिनियरिङ्ग कलेज

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खुल्यो | भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

राजविराज पोलिटेक्निक इन्स्टिच्युट

राजविराज, सप्तरी

आवेदन फारम भर्ने अन्तिम मिति २०७९ भाद्र ०९ गते

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग

जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

प्रवेश परीक्षा दिने मिति २०७९ भाद्र १० गते दिउँसो ३:०० बजे

कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३

प्रिन्सिपल: ९८१६६४५१६६

Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो | भर्ना खुल्यो

## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५

**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**

IMPACT Nepal

इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

V-JTA भेटनरी जे.टी.ए. १८ महिने

P-JTA बाली विज्ञान १८ महिने

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/५/९
प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे

जगदम्बा मेडिकल इन्स्टिच्यूट

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### विभेदरहित समाज निर्माणमा ध्यान पुगोस्

नेपाल अहिले पनि विभेद कायमै रहेको छ । विभेदरहित देश बनाउन असम्भव हुने कुरा कटुसत्य हो । राज्यका हरेक नागरिकले इमान्दार प्रयास गरेमा सबै प्रकारका विभेद न्यूनीकरण गर्न सकिन्छ । नेपाल सबै भन्दा बढी जातीय भेदभाव रहेको छ । सानो जातका भनिएका दलितहरुलाई हजारौं वर्षदेखि विभेद गरिदै आइएको छ । संसारका विकसित र विकाशील देशहरुमा धन, जात, रंग, धर्म, लिंग लगायतका आधारमा विभेद हुने गरेको छ ।

नेपालको संविधान २०७२ धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक सुनिश्चित गरेको छ । धारा २४.१ बमोजिम कुनै पनि व्यक्तिलाई निजको उत्पति, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा निजी तथा सार्वजनिक स्थानमा भेदभाव गर्नु हुन्न भन्दाभन्दै पनि कानूनको फितलो कार्यान्वयनका कारण अझै पनि दलितहरुसँग जातीय भेदभाव र छुवाछुत कायमै रहेको छ ।

नेपालले पनि जातीय लगायत हरेक प्रकारका भेदभाव न्यूनीकरण गर्ने प्रचार गर्नु आवश्यक छ । तसर्थ यस्ता विभेदलाई जडैबाट उखाल्न कानूनलाई अझ सक्रिय बनाएर कार्यान्वयन गरि स्थानियस्तरको सहयोग समेत अत्यन्त आवश्यक रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सहज र सर्वसुलभ हुँदै विद्युतीय भुक्तानी कारोबार

**नवीन पौडेल**
काठमाडौं, १ भदौ (रासस) ।

प्रविधिको प्रयोग र पहुँच बढेसँगै पछिल्लो समय विद्युतीय भुक्तानीको कारोबारमा उल्लेख्य वृद्धि भएको छ । प्राविधिक पूर्वाधारको विकास, कारोबारमा प्रोत्साहन तथा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानी कारोबार बढेको हो । केन्द्रीय बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७८/७९ को विवरणअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा विद्युतीय कारोबारमा वृद्धि भएको हो ।

सो आवमा विद्युतीय भुक्तानी प्रणाली, कनेक्ट आइपीएस, इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ, वालेट, प्रिपेड कार्ड, क्यूआरमार्फत भुक्तानीलगायतको प्रयोगका साथै कारोबार रकमसमेत बढेको छ । सार्वजनिक तथ्याङ्कानुसार गत आवमा क्विक रेस्पोन्स (क्यूआर) कोडमा आधारित भुक्तानीको प्रयोग उच्च दरले बढेको देखिन्छ । अघिल्लो आवका तुलनामा गत आवमा क्यूआर कोडको प्रयोग गरी कारोबार सङ्ख्या चार सय प्रतिशतले बढेको छ ।

अघिल्लो आवमा क्यूआर कोडको प्रयोग गरी ४२ लाख ८१ हजार नौ सय ९४ पटकमा रु १४ अर्ब ५२ करोड ६० लाखको कारोबार भएको छ । जसमा अघिल्लो आवको समीक्षा अवधिमा यसको प्रयोग आठ लाख ५५ हजार पाँच सय ६६ पटकमा रु तीन अर्ब ६५ करोड १० लाख बराबर मात्रै भएको थियो ।

त्यस्तै गत आवमा प्रिपेड कार्डका माध्यमबाट ५७ हजार नौ सय ४२ पटकमा रु ४५ करोड ८० लाख बराबरको कारोबार भएको देखिन्छ । जुन अघिल्लो आवको तुलनामा दुई सय ३६ प्रतिशतले बढी हो । अघिल्लो आवमा यस्तो कार्डको प्रयोगबाट १७ हजार दुई सय ३१ पटकमा रु सात करोड ३० लाखको कारोबार भएको थियो ।

उपलब्ध विवरणअनुसार प्वाइन्ट अफ सेलको प्रयोग ८४ प्रतिशत भन्दा बढीले वृद्धि भएको छ । अघिल्लो आवमा छ लाख ३५ हजार पाँच सय ९९ पटकमा रु दुई अर्ब ६६ करोड ५० लाखको कारोबार भएकामा गत आवमा ११ लाख ७३ हजार पाँच सय ४८ पटकमा रु पाँच अर्ब १८ करोड ३० लाखको कारोबार भएको छ ।

त्यस्तै कारोबारमा क्रेडिट कार्डको प्रयोग अघिल्लो आवका तुलनामा गत आवमा ८३ प्रतिशतले बढेको छ । अघिल्लो आवमा एक लाख २४ हजार दुई सय ४३ पटकमा रु ८५ करोड ९० लाखको कारोबार भएकामा गत आवमा दुई लाख २७ हजार नौ सय २० पटकमा रु एक अर्ब ४९ करोडको कारोबार भएको छ ।

**मोबाइल बैङ्किङमार्फतको कारोबार सङ्ख्या ५० प्रतिशतले वृद्धि**

केन्द्रिय बैंकको पछिल्लो विवरणानुसार मोबाइल बैंकिङको प्रयोग अघिल्लो आवका तुलनामा गत आवमा ५० प्रतिशतले बढेको छ । अघिल्लो आवमा एक करोड ३७ लाख नौ सय ९३ पटकमा रु ७३ अर्ब ७२ करोड ९० लाख बराबरको कारोबार भएकामा गत आवमा दुई करोड पाँच लाख ६४ हजार तीन सय आठ पटक मोबाइल बैङ्किङको प्रयोग गरी एक खर्ब ६३ अर्ब २५ करोड ५० लाखको कारोबार भएको छ ।

त्यस्तै डेबिट कार्डका माध्यमबाट गत आवमा एक करोड ११ लाख २७ हजार ६ सय ८३ पटकमा रु ८३ अर्ब २० करोडको कारोबार भएको देखिन्छ । अघिल्लो आवमा यसको प्रयोग ७४ लाख ६५ हजार चार सय ३९ पटकमा रु ६६ अर्ब ४१ करोड ७० लाखको कारोबार भएको थियो, जुन प्रयोगका आधारमा अघिल्लो आवको भन्दा ४९ प्रतिशतले बढी हो ।

राष्ट्र बैंकका अनुसार एटिएमको प्रयोग गत आवमा अघिल्लो आवका तुलनामा ४६ प्रतिशतले बढेको छ । अघिल्लो आवमा एटिएमको ६९ लाख १९ हजार एक सय ९९ पटक प्रयोग भई रु ६४ अर्ब ३८ करोड ९० लाख कारोबार भएकोमा गत आवमा एक करोड एक लाख ६९ हजार तीन सय ३१ पटकमा रु ७९ अर्ब ४५ करोड ८० लाखको कारोबार भएको छ ।

त्यस्तै समीक्षा अवधिमा कनेक्ट आइपिएस्को प्रयोग ३३ प्रतिशतले बढेको छ । अघिल्लो आवमा ३२ लाख चार हजार आठ सय ४५ पटक कनेक्ट आइपिएसप्रयोग गरी रु दुई खर्ब ३७ अर्ब ७५ करोड २० लाखको कारोबार भएकोमा गत आवको समीक्षा अवधिमा ४२ लाख ७० हजार ९९ पटकमा रु तीन खर्ब ६९ अर्ब २२ करोड ३० लाखको कारोबार भएको छ ।

यसैगरी रियल टाइम ग्रु सेटलमेन्ट (आरजीटीएस) प्रणालीमार्फत भएको भुक्तानीको सङ्ख्या ३७ प्रतिशतले बढेको छ । अघिल्लो आवमा ५९ हजार छ सय ५५ पटक यसको प्रयोग भएको थियो भने गत आवमा यस्तो प्रणाली ८१ हजार आठ सय १७ पटक प्रयोग भई रु ४३ खर्ब ४९ अर्ब पाँच करोड ६० लाख बराबरको कारोबार भएको विवरण सार्वजनिक भएको छ ।

त्यस्तै अघिल्लो आवका आधारमा यस आवमा ई - कमर्स ३२ प्रतिशतले, वालेट २९ प्रतिशतले, ब्रान्चलेस बैंङकिङ १६ प्रतिशतले, आइपिएस १३ प्रतिशतले र इसिसिको तीन प्रतिशतले प्रयोग बढेको विवरण सार्वजनिक भएको छ । वालेटमार्फत गत आवमा एक करोड ६२ लाख छ हजार तीन सय ६५ पटकमा रु १७ अर्ब ७५ करोड २० लाखको कारोबार भएको देखिन्छ ।

त्यस्तै गत आवमा शाखा रहित बैंकिङ अन्तर्गत ६९ हजार चार सय ६५ पटकमा रु एक अर्ब ५० करोड ३० लाखको कारोबार भएको छ । विवरणअनुसार गत आवमा आइपिएस माध्यमबाट १३ लाख २२ हजार एक सय ७४ पटकमा रु दुई खर्ब ७५ अर्ब ७५ करोड २० लाख, इसिसि माध्यमबाट १४ लाख ८६ हजार पाँच सय ५१ पटकमा रु आठ खर्ब ५० अर्ब ६४ करोड ९० लाखको कारोबार देखिन्छ ।

**इन्टरनेट बैंकिङको प्रयोगदर घट्यो तर कारोबार रकम भने बढ्यो**

सार्वजनिक विवरणानुसार अघिल्लो आवका आधारमा गत आवमा इन्टरनेट बैंकिङका माध्यमबाट भुक्तानी भएको सङ्ख्यमा कमी आएको देखिएको छ । अघिल्लो आवमा तीन लाख २९ हजार पाँच सय २३ पटक इन्टरनेट बैंकिङको प्रयोग भएकामा गत आवमा तीन लाख १८ हजार पाँच सय ९८ पटक यसको प्रयोग भएको छ ।

यता कारोबार रकमका आधारमा भने यसको प्रयोग १३ प्रतिशले बढेको छ । अघिल्लो आवमा यस्तो प्रणाली बाट रु १३ अर्ब ८३ करोड २० लाख बराबरको कारोबार भएकामा गत आवमा १५ अर्ब ६३ करोड ८० लाखबराबरको भुक्तानी भएको देखिन्छ । केन्द्रिय बैंकले सार्वजनिक गरेको विवरणानुसार अघिल्लो आवका आधारमा गत आवमा क्यूआरकोडमा आधारित भुक्तनीको प्रयोग उच्च दरले बढेको देखिन्छ ।

वित्तीय साक्षारता र प्रविधिको पहुँचमा भएको वृद्धिले विद्युतीय भुक्तानीमा सर्वसाधारणको सहभागिता बढेको जानकार बताउँछन् । विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण मुलुकमा विद्युतीय भुक्तानी कारोबार उल्लेख्य बढेको केन्द्रिय बैंकले जनाएको छ ।

## भयरहित, मर्यादित ...

प्रत्येक नागरिकको मतको सदुपयोग गर्न र मतदान स्थलमा शान्ति सुव्यवस्था कायम गर्न प्रहरी आवश्यक रणनीती बनाउनमा जुटेको उनको भनाइ छ ।

शान्ति सुरक्षालाई ब्यवस्थित र निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न पत्रकारको पनि उत्तिकै भुमिका रहने जिकिर गर्दै उनले सकारात्मक सहयोगको अपेक्षा गरिएको बताए ।

एक अर्को प्रसङ्गमा महानिरिक्षक सिंहले तस्करीमा प्रहरीको संलग्नता नरहेको दाबी गर्दै यस्तो पाइए विभागीय कारवाही हुने प्रतिवद्धता समेत जनाए । तस्करी लगायत विभिन्न बेथिती नियन्त्रणमा प्रेस जगतको ठुलो भुमिका रहने भन्दै उनले वास्तविकतामा आधारित समाचार सम्प्रेसनका लागी संचारकर्मीहरु समक्ष आग्रह समेत गरे ।



तस्बिर : राजविराज दैनिक

पत्रकार महासंघ शाखा सप्तरीका सभापती श्रवणकुमार देवको अध्यक्षता आयोजित कार्यक्रममा मधेश प्रदेशका प्रहरी प्रमुख मसाउद आलम खाँ, वरिष्ठ प्रहरी उपरिक्षक दान बहादुर कार्की, प्रहरी उपरिक्षक अभिनारायण काफ्ले, समाज सेवी अमरचन्द्र अनिल लगायतको पनि उपस्थिती रहेको थियो ।

सोही कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष देवले प्रहरी महानिरिक्षक सिंहलाई मायाको चिनो समेत प्रदान गरेका थिए । कार्यक्रममा महासंघका उपाध्यक्ष बैद्यनाथ यादवले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रम कार्यसमितिका सदस्य विद्यानन्द रामले संचालन गरेका थिए ।

# नेपालमा पनि बढ्दैछ खाद्य असुरक्षा

**नारायण ढुङ्गाना**
काठमाडौँ, १ भदौ (रासस)।

तथ्याङ्कले मुलुकमा खाद्य सञ्चिति देखिँदै आए पनि असन्तुलित उत्पादन र वितरणका कारण देशको ७.८ प्रतिशत जनसङ्ख्या गम्भीर खाद्य असुरक्षाको चपेटामा परेको छ। कृषि तथा पशुपक्षी विकासमन्त्री मृगेन्द्रकुमार सिंह यादवले मुलुकमा औसत नेपालीलाई निर्धारण गरिएको दैनिक न्यूनतम आवश्यकताका लागि खाद्यान्न पर्याप्त नै भए पनि खाद्य असुरक्षा भने कायमै रहेको बताउनुहुन्छ।

राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र नेपाली सेनाको प्रबन्धरथि विभागले संयुक्तरूपमा आयोजना गरेको ‘नेपालमा खाद्य सुरक्षा’को अबस्था विषयक गोष्ठीमा उहाँले यो तथ्य प्रस्तुत गर्नुभएको हो। उहाँका अनुसार मुख्य गरी खाद्यान्नको प्रयोग, सर्वसाधाराणको पहुँच नहुनु, सर्वसुलभ र गुणस्तर नहुनु, प्राकृतिक विपत्ति, जलवायु परिवर्तनको असर, कृत्रिम अभावले उत्पादनमा पुऱ्याएको असर, कोभिड-१९ तथा राष्ट्रिय एबं अन्तर्राष्ट्रिय बजारमा कृषि सामग्रीको मूल्य उतारचढावका कारण खाद्यान्न आपूर्तिमा अनिश्चितता देखिएको हो।

यसका साथै कृषि कर्मबाट युवा शक्तिको पलायन, जमिनको बाँझोपन तथा रोग किराको आक्रमणलगायत कारणले खाद्य सुरक्षामा चुनौती थपिँदै आएको छ। “विश्व बैंकको व्याख्यानुसार एक हजार आठ सय क्यालोरीभन्दा कम हुने गरी प्राप्त भएको खाद्य अवस्थालाई गम्भीर किसिमको खाद्य असुरक्षा भनी परिभाषित गरिएको छ, त्यस अबस्थालाई मूल्याङ्कन गर्दा नेपालमा कुल जनसङ्ख्याको ७.८ प्रतिशतमा गम्भीर खाद्य असुरक्षाको अबस्थामा रहेको देखिन्छ”, मन्त्री यादवले भन्नुभयो।

सामान्य मानिसलाई आफ्नो दैनिक क्रियाकलापका लागि सक्रिय रहन हरेक व्यक्तिका लागि दैनिक दुई हजार दुई सय क्यालोरी शक्ति आवश्यक पर्छ। यसको मुख्य सवाल खाद्यान्नको उपलब्धता नै हो।

संयुक्त राष्ट्रसङ्घीय सम्मेलन सन् १९९६ ले खाद्य सुरक्षालाई हरेक व्यक्तिले सक्रिय र स्वास्थ्य जीवनयापनका लागि आफ्नो चाहना र आवश्यकतानुरुप सधैँ पर्याप्त स्वच्छ र पोषणयुक्त खानामाथि भौतिक, सामाजिक र आर्थिक पहुँच भएको अवस्था हो भनी परिभाषित गरेको छ।

नेपालको १५औँ पञ्चवर्षीय योजनामा उल्लेख भएअनुसार नेपालमा २१ प्रतिशत मानिसले अझै पनि पर्याप्त खाना नपाएको उल्लेख छ। खाद्य आवश्यकताको आधारभूत सुरक्षा स्थितिमा रहेका घरपरिवार केवल ४८.२ प्रतिशत मात्रै रहेको उल्लेख गरिएको छ।

सरकारी तथ्याङकमा आव २०७८/७९ मा प्रतिव्यक्ति तीन सय ६९ किलो खाद्यान्न उत्पादन भएको अनुमान छ। यसबाट बीउ, पशुआहार भण्डारण तथा प्रशोधन र नोक्सानी कटाएर प्रतिव्यक्ति अनुमानित दुई सय ५७ किलो उपभोग योग्य खाद्यान्न रहेको अनुमान छ। यो औसत नेपालीलाई निर्धारण गरिएको दैनिक न्यूनतम आवश्यकता शक्ति प्राप्तिका लागि पर्याप्त नै भएको मन्त्री यादवले बताउनुभयो। आव ७८/७९ मा नेपालको कुल वार्षिक खाद्यान्न उत्पादन एक करोड सात लाख ७२ हजार मेट्रिक टन पुगेको छ। यसबाट बीउ, पशुआहार भण्डारण, प्रशोधन, नोक्सानीलगायत कटाएर झन्डै ७५ लाख ३० हजार मेट्रिक टन उपभोग योग्य खाद्यान्न प्राप्त भएको अनुमान छ। विसं २०७८ को एक अभिलेखअनुसार देशको जनसङ्ख्याका लागि वार्षिक करिब ५८ लाख ६७ हजार मेट्रिक टन प्रशोधित खाद्यान्न आवश्यक हुन आउँछ।

मन्त्री याववले भन्नुभयो, “यस अर्थमा खाद्यान्न उपलब्धता आवश्यक परिमाणका हिसाबले झन्डै १६ लाख ६३ हजार मेट्रिक टन बचतमा नै देखिन्छ। तर राष्ट्रियस्तरमा खाद्यान्न बचत देखिए पनि पारिवारिक तहमा झन्डै २१ प्रतिशत नेपाली अझै दैनिक निर्धारित क्यालोरीभन्दा कम खाद्यान्न उपभोग गर्नुपर्ने अवस्थामा रहेका छन्।” उहाँका अनुसार देश भित्रको असन्तुलित उत्पादन र वितरणले करिब २० जिल्ला खाद्य असुरक्षाको अवस्थामा छन्। विगत एक दशकभन्दा बढीको समयलाई हेर्दा नेपालमा २०७२ को महाभूकम्पको वर्षबाहेक अन्य अवधिमा देशमा खाद्य सञ्चितिकै अवस्था देखिएको जनाइएको छ।

उता चामलको आयात भने अनपेक्षित देखाएको छ। केन्द्रीय तथ्याङ्क विभागको वार्षिक घरधुरी सर्वेक्षण प्रतिवेदन, २०१७ अनुसार मसिनो चामलको उपभोग बढ्दो क्रममा रहेको छ। चालमको उत्पादनले उपभोग धान्न सकेको छैन। तर ठीक विपरीत अन्य अन्न बालीमा उत्पादनको ठूलो परिमाण उपभोग भइरहेको छ। खाद्य तथा पोषण सुरक्षाका हिसाबमा कोदो तथा फापर जस्ता बालीको योगदान अझै मूलधारमा आउन सकेको छैन।

खाद्य तथा पोषण सुरक्षाका दृष्टिले मानिसलाई दैनिक आवश्यक पर्ने कुल क्यालोरीको ७७ प्रतिशत हिस्सा वनस्पतिजन्य पदार्थ र बाँकी पशुपक्षीजन्य पदार्थबाट आपूर्ति हुनुपर्नेमा दैनिक आवश्यक क्यालोरीको आपूर्ति यसअनुसार नभएको कृषि मन्त्रालयले जनाएको छ। प्रतिव्यक्ति प्रतिदिन चाहिनेमध्ये ८७ प्रतिशत वनस्पतिजन्य पदार्थबाट र बाँकी दूध, दही मासु, अन्डालगायत पशुपक्षीजन्य पदार्थबाट प्राप्त भएको देखिएको छ। उत्पादनका हिसाबले माछा, मासु, अण्डामा आत्मनिर्भर भएको तथ्याङ्कले देखाउँछ भने दूधमा आत्मर्नभिरताको नजिक रहेको मन्त्री यादवले बताउनुभयो। यस हिसाबले खाद्य तथा सन्तुलित उपभोगमा पोषण सुरक्षाका लागि पशुपक्षीजन्य उत्पादन र आपूर्तिका साथै उपभोग बढी गर्नुपर्ने देखिएको छ। यसका लागि मन्त्रालयले खाद्य सुरक्षाका लागि विशेष जोड दिइरहेको उहाँले जानकारी दिनुभएको छ।

उत्पादनमा वृद्धिका लागि सिचाइ सुविधा विस्तारका साथै उन्नत बीउ, नस्लको उपलब्धतासँगै आधुनिकीकरण तथा व्यवसायिकीकरणमा थप लगानी गर्नुपर्ने आवश्यकता छ। यसका साथै खाद्य तथा पोषण क्षेत्रमा देखिएका चुनौती सामनाका लागि अनुसन्धान, प्रविधि विस्तार पूर्वाधार विस्तारलगातयका कर्यक्रममा तीनै तहका सरकार, गैरसरकी निजी तथा विकास साझेदारहरूसँग सहकार्य आवश्यकता रहेको औँल्याइएको छ। यसलाई साझा जिम्मेवारीका रूपमा प्राथमिकताका साथ जिम्मेवारी निभाउनुपर्नेमा उहाँले जोड दिनुभएको छ।

उक्त गोष्ठीमा रक्षा सचिव तथा राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका संयोजक किरणराज शर्माले समसामयिक विषयमा यस प्रकारको सेमिनार पहिलो पटक आयोजना गरिएको जानकारी दिनुभयो।

विश्वव्यापी मानवअधिकार घोषणपत्र सन् १९४८ को दफा २५ मा हरेक व्यक्तिलाई गाँस, बास, कपास र औषधोपचारको अधिकार रहेको छ। आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध सन् १९६६ को धारा ११ मा पनि हरेक नागरिकलाई भोक मेटाउन पाउने अधिकारलाई मौलिक हकका रूपमा उल्लेख गरिएको छ।

संयोजक शर्माले खाद्य सुरक्षा मानव सुरक्षासँग मात्रै नभई समग्र विकाससँग प्रत्यक्ष जोडिएको उल्लेख गर्दै यसतर्फ केन्द्रित कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो। दोस्रो विश्वयुद्धपछि जनसङ्ख्याको तीव्र वृद्धि, प्रकोप, खाद्यान्न र स्रोतको सीमितता भोमकरीलगायत समस्याका कारण विश्वव्यापी रूपमा खाद्य सुरक्षा र महत्वको बोध भएको हो।

सन् १९७४ मा आयोजित विश्व खाद्य सम्मेलनले खाद्यपदार्थलाई आधारभूत आवश्यकताका रूपमा स्वीकार गर्दै त्यसको मात्रा, मूल्य र आपूर्तिलाई स्थिर बनाउनुपर्नेमा जोड दिइएको थियो। सन् १९९६ मा रोममा भएको सम्मेलनले हरेक व्यक्तिमा आफ्नो आवश्यकताअनुसार स्वच्छ र पोषणयुक्त खानामाथि भौतिक एवं आर्थिक पहुँच भएमा मात्रै खाद्य सुरक्षा भएको मान्न सकिने उल्लेख छ।

सचिव शर्मा नेपाल कृषि प्रधान देश भएर पनि आवश्यकताअनुसार खाद्यान्नको उत्पादन हुन नसक्नु दुःखद हो भन्नुहुन्छ। उहाँ निर्वाहमुखी र परम्परागत कृषि प्रणाली, कृषियोग्य जमिनको उपलब्धता र वितरणमा असमानता, कृषियोग्य जमिनको बनावटमा जटिलता र कृषिमाथिको अत्यधिक निर्भरताका कारण मुलुकको ठूलो सङ्ख्या खाद्य सुरक्षाबाट वञ्चित रहनुपरेको बताउननुहुन्छ।

नेपालमा ६० प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छ भने कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३२ प्रतिशत छ। नेपालमा वार्षिक ६ लाख मेट्रिक टन खाद्यान्न अपुग रहेको तथ्याङ्क छ। विश्वव्यापी सङ्कटका रूपमा देखिएको कोभिड-१९, रुस-युक्रेन युद्ध र सोबाट खाद्यान्न एवं इन्धन आपूर्तिमा परेको असर र विभिन्न मुलुकले लिइरहेको खाद्य आयात/निर्यातसम्बन्धी परिवर्तित नीति लगायतका कारण नेपालमा पनि खाद्य सुरक्षामा ठूलो प्रभाव परिरहेको विज्ञहरूको निष्कर्ष छ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No.: 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### हराएको अठतीस वर्षपछि मृत भेटिए भारतीय सैनिक

नयाँदिल्ली, १ भदौ (रासस/एएफपी)।

पाकिस्तानसँगको विवादित सीमामा रहेको हिमनदीमा ३८ वर्षअघि बेपत्ता भएका एक भारतीय सैनिक जवानको शव फेला परेको छ।

भारत स्वतन्त्रता दिवसको ७५औँ वार्षिकोत्सव मनाएको दुई दिनपछि भारतीय सेनाको एक इकाईले बुधबार बिहानै भारतीय झण्डामा बेरिएको चन्द्र शेखरको कफिनको तस्बिर ट्वीट गरेको छ।

सेनाले भन्यो कि शेखरलाई सन् १९८४ मा अपरेशन लागि तैनाथ गरिएको थियो। भारत र पाकिस्तानले सियाचेन ग्लेशियरमा नियन्त्रण कायम गर्नको लागि छोटो युद्ध लडेका थिए। यो विश्वको सबैभन्दा अग्लो रणभूमिको रूपमा प्रतिष्ठित थियो।

लद्दाखको हिमाली क्षेत्रमा अवस्थित यस क्षेत्रमा लामो समयदेखि आणविक हतियार भएका छिमेकीबीच प्रतिस्पर्धा हुँदै आएको छ। स्थानीय सञ्चारमाध्यमले शेखर २० सदस्यीय समूहको सदस्य रहेको बताएको छ।

गस्तीको क्रममा हिउँको आँधीमा फसेको जनाइएको छ। उनको अन्तिम संस्कार अब उनको परिवार बस्ने उत्तरखण्ड राज्यमा पूर्ण सेना सम्मानका साथ हुने बताइएको छ।

### आगलागीका कारण आठ सय परिवार विस्थापित

शिबरघान, १ भदौ (रासस/सिन्ह्वा)।

उत्तरी जावजान प्रान्तको फैजाबाद जिल्लाको बाला मार्दियान गाउँमा केही दिनअघिबाट शुरु भएको प्राकृतिक आगलागीबाट आठ सयभन्दा बढी परिवार विस्थापित भएका स्थानीय प्रहरी अधिकारीले बुधबार पुष्टि गरेका छन्।

विस्थापित परिवार जावजान प्रान्तको राजधानी शिबरघान सहर र छिमेकी बल्ख प्रान्ततर्फ प्रस्थान गरेको प्रान्तीय प्रहरी प्रवक्ता अब्दुल सत्तार हलिमीले पत्रकारलाई बताएका छन्।

‘अगस्ट ८ मा शुरु भएको आगलागीले फैजाबाद जिल्लाको बाला मार्दियान गाउँमा सबैलाई घेरेको छ, प्रत्येक दिन पाँचदेखि छ घर पूर्ण वा आंशिकरूपमा जलेको छ, र एक सय २० आवासीय घर खरानी भएका छन्,’ एक अधिकारीले जानकारी दिएका छन्।

प्रान्तको फैजाबाद जिल्लाको बाला मार्दियान गाउँमा आगलागीबाट ठूलो क्षति पुगेको छ। अझै नियन्त्रणमा आउन सकेको छैन। आगलागीको कारण भने खुल्न सकेको छैन।

### भारतमा नौ हजार ६२ कोरोना संक्रमित

नयाँदिल्ली, १ भदौ (रासस/सिन्ह्वा)।

भारतमा एकै दिनमा नौ हजार आठ सय ६२ कोरोना भाइरस सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले बुधबार सार्वजनिक गरेको छ। यसैसँगै भारतमा चार करोड ४२ लाख ८६ हजार दुई ५६ जना कोराना भाइरस सङ्क्रमित भईसकेका छन्।

भारतमा एक दिन अगाडि आठ हजार आठ सय १३ सङ्क्रमित भएका थिए। दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख पाँच हजार ५८ जना रहेका छन्।

गत २४ घण्टाको समयअवधीमा कोरोना सङ्क्रमणबाट यहाँ ३६ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना सुरु भएबाट हालसम्म यहाँ पाँच लाख २७ हजार एक सय ३४ व्यक्तिको मृत्यु भइसकेको छ। भारतमा हिजो एक दिनमा १५ हजार दुई सय २० जना कोरोना मुक्त भएका छन्। यसैसँगै कूल चार करोड ३६ लाख ५४ हजार ६४ जना कोरोनामुक्त भएका छन्।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो।

सो समयबाट हालसम्म दुई अर्ब आठ करोड ५७ लाख १५ हजार दुई सय ५१ मात्रा खोप लगाइएको छ। भारतमा कोरोना सुरु भएयता हालसमम ८८ करोड ६० भन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ।

### उत्तर कोरियाद्वारा दुई क्षेप्यास्त्र प्रहार

सोल, १ भदौ (रासस/एएफपी)।

उत्तर कोरियाले बुधबार दुईवटा क्रुज क्षेप्यास्त्र प्रहार गरेको सोलको रक्षा मन्त्रालयले जनाएको छ। यस वर्ष प्योङ्याङको एक महिना लामो समयदेखि क्षेप्यास्त्र प्रहार रोकिएको बताइएको छ।

‘बुधबार बिहान उत्तर कोरियाले दक्षिण प्योन्गान प्रान्तको ओन्चोनबाट पश्चिम सागरमा दुईवटा क्रुज क्षेप्यास्त्र प्रहार गरेको छ,’ मन्त्रालयका एक अधिकारीले एएफपीलाई जानकारी दिएका छन्। उत्तर कोरियाले जनवरीदेखि संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिबन्ध क्रुज क्षेस्यास्त्र परीक्षण नगरेको योन्हाप समाचार समितिले जनाएको छ।

उत्तर कोरियाले सन् २०१७ यता पहिलो पटक पूर्णदायरामा अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल प्रहारसहित जनवरीदेखि नै प्रतिबन्ध तोड्ने परीक्षण गरेको छ।

# नुहाउने क्रममा पोखरीमा डुबेर बालकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**
सप्तरीको राजगढ गाउँपालिकामा बुधबार दिउँसो एक बालकको पोखरीमा डुबेर ज्यान गएको छ ।

सो गाउँपालिका वडा नं. ४ बेल्हीस्थित पूर्णी पोखरीमा डुबेर स्थानिय बिरेन्द्र कुमार मण्डलको १३ वर्षिय छोरा राजा मण्डलको ज्यान गएको हो ।

बुधबार दिउँसो तीन/चार जनाको बालबालिकाको समूहमा गर्मी छल्न पोखरीमा नुहाउन गएको बेला एक्कासी राजा पोखरीमा डुबेको स्थानियहरुले बताएका छन् । अन्य बालकहरुले राजा पोखरीबाट ननिस्केपछि स्थानियहरुलाई खबर गरेका थिए ।

पोखरी वरिपरि रहेका मानिसहरुले सो खबर थाहापाउने बित्तिकै पोखरीमा खोजतलास गर्दा पानीमुनी उनको मृत शरीर भेटाएका थिए । सो घटना पश्चात् स्थानियहरुले प्रहरीलाई खबर गरेका थिए । प्रहरी घटनास्थल पुगेपछि कानुन अनुसार मुचुल्का उठाएर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# चोरी भएको थाहा पाएपछि हृदयघात पश्चात् मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**
राजविराज नगरपालिका ७ निवासी ६२ वर्षिय एक पुरुषको घरमा चोरी भएको थाहा पाएपछि हृदयघात पश्चात् मृत्यु भएको छ । स्थानिय लक्ष्मण शर्माको बुधबार बिहान यसरी मृत्यु भएको हो ।

उनको घर तथा आगंनको दक्षिण पट्टी रहेको भाई जोगेन्द्रको घरमा समेत मंगलवार मध्यरातमा चोरी भएको थियो । प्रहरीका अनुसार लक्षमणको घरबाट १ थान मोवाईल र नगद ५ हजार तथा उनको भाई जोगेन्द्रको घरबाट १२ हजार नगद र अन्य सरसमान गरी १ लाख २ हजारको धनमाल चोरी भएको हो । भाई जोगेन्द्र सपरिवार अघिल्लो दिन मंगलवार मात्र काम विषेशले विराटनगर गएका थिए ।

घरमा कोही नभएको मौका छोपी समान चोरी भएको थाहा पाएपछि आगंनमै बेहोश भएका उनलाई तत्काले उपचारका लागी स्थानीय गजेन्द्र नारायण सिह अस्पताल पुर्‍याइएको थियो । अस्पताल पुर्‍याएको पाँच मिनेट भित्रै उनको मृत्यु भएको थियो । उपचारमा संलग्न चिकित्सकले मृत्युको कारण हृदयघात भएको बताएका छन् । शर्माको बुधवार नै घरमा आवश्यक विधी प्रक्रिया पुरा गरी अन्त्येष्टि गरिएको परिवारजनले जनाएको छ ।

गर्मीका कारण झ्याल खोलेर सुतेका बेला चोरले बाहिरैबाट अंकुशे लगाएर उनको मोवाईल र पाइन्टमा राखिएको ५ हजार रुपैया (पाइन्ट सहित) चोरेका थिए । सोही आंगनको दक्षिण पट्टी रहेको उनका भाइ जोगेन्द्रको घरको झ्याल ढोका समेत फोडेर १ लाख २ हजार मुल्य बराबरको समान चोरी भएको कुरा उनले विहान उठेपछि मात्र थाहा पाएका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले चोरीमा संलग्न चोरको खोजी कार्य भईरहेको जानकारी दिएका छन् ।

# मधेस प्रदेश ट्राफिक प्रहरीद्वारा २२ करोड राजस्व संकलन

कलैया, १ भदौ (रासस) ।
मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया, बाराले आर्थिक वर्ष २०७८/७९ मा रु २२ करोड ४४ लाख राजस्व सङ्कलन गरेको छ । सवारी नियम उलङ्घन गर्ने दुई लाख ६४ हजार ९१० साना ठूला सवारीसाधनका चालकलाई दण्डजरिवाना गरी उक्त रकम असुल गरिएको हो ।

मधेस प्रदेशका ८ जिल्लाका ट्राफिक प्रहरी कार्यालयबाट गत आवमा सवारी नियम उलङ्घन गरी दण्डजरिवाना असूल गरिएको प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो । सो क्रममा ९९ हजार ३५८ ट्रक चालकबाट रु ११ करोड ५२ लाख ४३ हजार, ७६ हजार ७१३ मोटरसाइकल चालकबाट रु चार करोड ९५ लाख ७५ हजार तथा ४७ हजार ५०५ कार, जीप र भ्यान चालकबाट रु तीन करोड २० लाख राजस्व असूल गरिएको छ ।

यसैगरी १५ हजार ५४० टचाक्टरका चालकबाट रु ९६ लाख, १३ हजार ४२० टेम्पु चालकबाट रु ९० लाख ६४ हजार र ११ हजार ६७७ बसका चालकबाट रु ८९ लाख २० हजार दण्डजरिवाना गरी राजस्व दाखिला गरिएको कार्यालयले जनाएको छ ।

# स्वास्थ्य मापदण्ड ख्याल गरेर रथयात्रामा सम्पन्न गर्न आग्रह

विराटनगर, १ भदौ (रासस) ।
प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले स्वास्थ्य मापदण्ड पालना गर्ने र गराउने गरी व्यवस्थित रथयात्राको प्रबन्ध गर्न प्रदेश नं १ स्थित सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभएको छ ।

प्रदेश नं १ को धार्मिक तथा सांस्कृतिक परम्पराको रथयात्रा यस वर्ष कोभिड सङ्क्रमणलाई ख्याल गरेर छोटो समयमा सम्पन्न गर्न उहाँले रथायात्रा व्यवस्थापन समिति र सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभएको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुधबार रथयात्रा तथा सञ्चालन हुने स्थानबारे जानकारी लिएपछि मुख्यमन्त्री राईले परम्परा पनि कायम हुने र नागरिकको स्वास्थ्य पनि जोखिम नहुने गरी रथयात्राको व्यवस्थापन गर्न आग्रह गर्नुभयो । विराटनगरमा हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट भव्य रथयात्रा हुने गर्दछ । उक्त रथयात्रामा लाखौँको सङ्ख्यामा नेपाल र भारतका भक्तजन सहभागी हुने गर्छन् ।

यस वर्ष कोभिड सङ्क्रमणलाई ख्याल गर्दै झाँकी बाहेकको रथयात्रा निकाल्ने तयारी राधाकृष्ण मन्दिर व्यवस्थापन समितिले गरेको छ । छलफलमा नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रदेश नं १ प्रमुखसहित मोरङ जिल्लास्थित सुरक्षा अधिकारीहरू उपस्थिति रहेको मुख्यमन्त्री राईका प्रेस सल्लाहकार बन्धु पोखरेलले जानकारी दिनुभयो ।

# थप आठ सय ५२ मा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, १ भदौ (रासस) :
देशभर पछिल्लो २४ घण्टामा थप आठ सय ५२ मा कोभिड संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा छ हजार तीन सय ८३ को नमूना परीक्षण गरिएको थियो । तीन हजार आठ सय ७६ ले पिसिआर र दुई हजार पाँच सय सात जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा तीन सय २८ कोरोना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ७६ हजार नौ सय ३७ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय संक्रमितको संख्या पाँच हजार चार सय ६२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार नौ सय ९० पुगेको छ । होम आइसोलेसनमा पाँच हजार दुई सय ५९, संस्थागत आइसोलेसनमा दुई सय तीन, आइसियुमा ५९ र भेन्टिलेटरमा सात जना संक्रमित रहेका छन् ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## कोभिड-१९ को जोखिम पुनः देखा परेको छ।

यसबाट बच्न र बचाउनः
- सही तरिकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं।
- साबुनपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक, मुख छोप्ने गरौं।
- घर तथा कार्यालयमा नियमित सेनेटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं।
- कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गरौं।

सतर्क र सचेत बनौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*